इन्सेक बुलेटिन

वर्ष १ अङ्क १ भदौ २०७८

मानव अधिकार अवस्थाको मासिक विश्लेषण

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ साउन महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय ८ जना महिला र ३४ जना पुरुष गरी १ सय ४२ जना पीडित भए । प्रकाशित समाचार अनुसार साउन महिनामा राज्य पक्षबाट तीन जना पुरुष र एक जना महिला गरी चार जना र अन्य पक्षबाट १ सय ३८ जना पीडित भए ।

प्रकाशित समाचार अनुसार प्रदेश २ मा ४९, प्रदेश १ मा २५ जना, लुम्बिनी प्रदेशमा १९ जना, गण्डकी प्रदेशमा १७ जना, कर्णाली प्रदेशमा १५, बागमती प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा ६ जना पीडित भए । साउन महिनामा पत्नी हत्याका नौ, परिवारजनबाट हत्याका चार, बलात्कारपछि हत्याको एक, हिरासतमा मृत्युका दुई ओटा घटनाका सम्बन्धमा लेखिएका समाचार प्रकाशन गरिएको छ ।

साउन महिनामा एक जना मानव अधिकार रक्षकसहित नौ जनालाई कुटपिट गरिएका, जातीय विभेदका घटनामा तीन जना, पुरुषलाई गरिएको यौन दुर्व्यवहारको घटनामा एक जना पीडित भएका र १५ जना घाइते भएका विषयमा लेखिएका समाचार प्रकाशन गरिएको छ ।

यसभित्र ....

- प्रकाश मानव अधिकार पुरस्कार-२०७७ सामाजिक अभियन्ता चौधरीलाई / ४
- मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सहकार्यमा जोड / ५
- परियोजनाको अभिमुखिकरण कार्यक्रम सम्पन्न / ६
- मानव अधिकार प्रलेखसम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न / ६
- मानव अधिकार सहायता कक्ष स्थापना / ८
- मानव अधिकार रक्षकहरूका लागि क्षमता अभिबृद्धि तालिम सम्पन्न / ८
- वडाध्यक्षद्वारा युवा कुटपिट घटनाको इन्सेकद्वारा अनुगमन / ९
- इन्सेकद्वारा कोभिड खोप केन्द्रहरूको अनुगमन / ९
- मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण विषयक अन्तरक्रिया सम्पन्न / १०
- विगतलाई नबिसौं / ११
- प्रेस विज्ञप्ति / १२

प्रदेशगत आधारमा साउन महिनामा पीडित भएकाहरूको सङ्ख्या



साउनमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५१ जना बालिका पीडित भए । अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा ३९ जना, यौन दुर्व्यवहारका घटनामा १० जना र बेचबिखनको घटनामा एक जना र बेचबिखन प्रयासको घटनामा एक जना पीडित भए । महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना पीडित भए । जसमा बलात्कारका घटनामा २० जना, बलात्कार प्रयासका घटनामा पाँच जना, यौन दुर्व्यवहारका घटनामा तीन जना, जबरजस्ती यौन कार्यमा लगाएको घटनामा एक जना, एसिड प्रहारको घटनामा एक जना, बेचबिखन घटनामा चार जना 'बोक्सी' आरोपको घटनामा एक जना र घरेलु हिंसाका घटनामा तीन जना महिला पीडित भए ।

साउन महिनामा मात्रै पीसीआर विधिबाट ३ लाख ११ हजार ४ सय ६६ ओटा स्वाब परीक्षण गरिएकोमा ७० हजार २ सय ६२ जनामा कोभिड पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा साउन महिनामा परीक्षण गरिएका स्वाबमध्ये २२.५५ प्रतिशतमा कोभिड पुष्टि भएको छ । साउन १ गते सक्रिय सङ्क्रमितको सङ्ख्या २७ हजार १० रहेकामा साउन ३२ गते यो सङ्ख्या बढेर ३९ हजार ३ सय ७१ मा पुगेको छ । साउन मनिमा ८ सय ४१ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ । साउन ३२ गतेसम्म १० हजार ३ सय २७ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ । साउन महिनामा २३ लाख ६९ हजार ७ सय ८३ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ । साउन ३२ गतेसम्म ३४ लाख ९० हजार ६५ जनालाई पूर्ण खोप दिइएको छ । कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ ।[1]

नेपालमा २०५२ सालदेखि २०६२ सालसम्म भएको सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार उल्लङ्घनका थुपै घटना भए । यस्ता कतिपय घटना मानवता

महिला अधिकार उल्लंघन घटनाका पीडित	
घटनाको प्रकार	पीडित सङ्ख्या
एसिड प्रहार	१
घरेलु हिंसा	३
जबरजस्ती यौन कार्यमा लगाएको	१
बलात्कार	२०
बलात्कार प्रयास	५
बेचबिखन	४
बेचबिखन प्रयास	१
'बोक्सी'को आरोप	१
यौन दुर्व्यवहार	३
जम्मा	३९

1. http://inseconline.org/np/%e0%a4%95%e0%a5%8b%e0%a4%ad%e0%a4%bf%e0%a4%a1-%e0%a5%a7%e0%a5%af/

विरुद्धका गम्भीर प्रकृतिका छन् । त्यस्ता घटनाका सम्बन्धमा अझै सत्यतथ्य अध्ययन भएको छैन । जसले गर्दा पीडितले न्याय पाउन सकेका छैनन् । मानवता विरुद्धको द्वन्द्वकालीन घटनाको रूपमा रामेछापको दोरम्बामा भएको सामूहिक हत्यालाई पनि लिन सकिन्छ । २१ जना मानिसको ज्यान लिने गरी तत्कालीन शाही नेपाली सेनाको तर्फबाट भएको सो नरसंहारकारी घटनाका दोषीमाथि अझै कारबाही भएको छैन । सत्य निरूपण तथा मेलमिलाप आयोगकी सदस्य एवम् प्रवक्ता मन दाहालले दोरम्बा घटनाको विस्तृत अध्ययन बाँकी रहेको बताउनु भयो । उहाँले हालसम्म ५ हजार ७ सय ७७ ओटा घटनाको प्रारम्भिक र १ सय ७३ ओटा घटनाको विस्तृत छानविन सकिएको जानकारी दिनु भयो । 'दोरम्बा घछनाको उजुरी लिने काम भएको छ । तर, छानविन बाँकी नै छ । पहिले दर्ता भएकालाई पहिले अध्ययन गर्ने काम भइरहेको छ'- प्रवक्ता दाहालले बताउनु भयो ।[2]

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बिच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ को परिणाम स्वरूप मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा



मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गरिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषदको असार ३१ गतेको बैठकले आयोग तथा यसका पदाधिकारीहरूको समयावधि एक वर्षका लागि थप गरेको छ । कानुन संशोधन र पीडितसँगको परामर्शपछि मात्र आयोगका पदाधिकारीको म्याद थप्नुपर्ने माग उठिरहेको समयमा ६ वर्षमा आयोगको म्याद चौथो पटक थप गरिएको छ । दुवै आयोग गठन भएको ६ वर्षभन्दा बढी भइसके पनि दुवै आयोगले पीडितलाई न्याय दिने सम्बन्धमा अभिलेख सङ्कलनबाहेकको ठोस प्रगति गरेका छैनन् ।[3]

2. https://inseconline.org/np/hr_reports/
3. https://inseconline.org/np/news

प्रकाश मानव अधिकार पुरस्कार-२०७७ सामाजिक अभियन्ता चौधरीलाई

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का संस्थापक महासचिव स्वर्गीय प्रकाश काफ्लेको २९ औं स्मृति दिवसका अवसरमा २७ औं प्रकाश मानव अधिकार पुरस्कार-२०७७ कैलाली जिल्ला निवासी मानव अधिकार अभियान्ता फिरुलाल चौधरीलाई प्रदान गरिएको छ । साउन १६ गते इन्सेकले धनगढीमा आयोजना गरेको कार्यक्रममा चौधरीलाई सो पुरस्कार प्रदान गरिएको हो । चौधरीलाई सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट र इन्सेककी अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले सम्मानपत्र, ताम्रपत्र र नगद ५० हजार रुपियाँसहित इन्सेक चिन्ह प्रदान गरी पुरस्कृत गरिएको हो । सो अवसरमा बोल्दै मुख्यमन्त्री त्रिलोचन भट्टले समाज परिवर्तन र सामाजिक न्यायका लागि क्रियाशील व्यक्तित्वहरूलाई सम्मान गरेर इन्सेकले सराहनीय कार्य गर्दै आएको बताउनु भयो । उहाँले संविधानमा उल्लेखित मौलिक हक र प्रदेशको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न बौद्धिक व्यक्तित्व तथा नागरिक समाजको सहयोग महत्वपूर्ण रहने बताउनु भयो । उहाँले भन्नु भयो- 'समुदायमा व्याप्त कुरीति र विसङ्गति हटाउन इन्सेकले सचेतनामूलक कार्य गरी जिम्मेवार निकायलाई जबाफदेही बनाउने प्रयास गरिरहेको छ । प्रदेश सरकार पनि मानव अधिकारको प्रत्याभूति दिलाउन प्रयत्नरत छ । यसका लागि सबैको साझा प्रयास र सहयोगको अपेक्षा गर्दछु । '

सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पूर्णा जोशीले सामाजिक न्यायका लागि विभिन्न अभियानमा योगदान पुऱ्याएका तर राज्यले चिन्न नसकेका व्यक्तित्वलाई इन्सेकले सम्मान गरेर मानव अधिकार तथा सामाजिक अभियान्ताहरूलाई उत्प्रेरणा प्रदान गरी सामाजिक सदभाव, न्यायमैत्री समाज र दिगो शान्ति पुनःस्थापनामा सहयोग गरेको बताउनु भयो । सामाजिक विकासमन्त्री लालबहादुर खड्काले विगतमा कमैया मुक्ति, कमलरी, दलित, महिला तथा विभिन्न वर्गको उत्थानका लागि विगतमा आन्दोलनहरू भएका भए पनि ती आन्दोलनबाट अधिकारको पूर्णता नभएको बताउँदै नागरिक अधिकार सुनिश्चित गर्न सामाजिक अभियान्ताहरूले अझै वकालत तथा अभियानहरू सञ्चालन गर्न आवश्यक रहेको उल्लेख गर्नु भयो । इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले स्वार्गीय प्रकाश काफ्लेलाई स्मरण गर्दै इन्सेकको स्थापना, प्राची प्रकाशन, राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र मुलुकमा भएका विभिन्न सामाजिक आन्दोलनमा इन्सेकको भूमिका महत्वपूर्ण रहेको बताउँदै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न राजनीतिक नेतृत्व र

सामाजिक अभियान्ताहरूको योगदानलाई संस्थागत गर्न आवश्यक रहेको विचार राख्नु भयो ।

इन्सेककी अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले स्वर्गीय प्रकाश काफ्लेले मानव अधिकारको रक्षा र विकास, मानव अधिकरको सचेतीकरण तथा जागरणमा महत्वपुर्ण योगदान पुऱ्याउनु भएको स्मरण गर्नु भयो । उहाँले मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका व्यक्तिलाई स्वर्गीय प्रकाश काफ्लेको सम्झनामा प्रकाश मानव अधिकार पुरस्कारबाट पुरस्कृत गर्दै आएको बताउनु भयो । उहाँले भन्नु भयो-'मानव अधिकार र सामाजिक क्षेत्रमा महत्वपुर्ण योगदान दिनु भएका २६ जना अभियन्ताहरूलाई यसअघि सम्मान तथा पुरस्कृत गरिसकिएको छ । यस वर्ष प्रकाश मानव अधिकार पुरस्कार कैलालीका मानव अधिकार अभियन्ता चौधरीलाई प्रदान गरेका छौं ।' इन्सेकका महासचिव रुद्रबहादुर चर्मकारले कैलाली जिल्ला जानकी गाउँपालिका-२ खर्गोलीका फिरुलाल चौधरीले लामो समयदेखि कमैया आन्दोलनमा महत्वपूर्ण योगदान पुऱ्याएको, इन्सेकले सञ्चालन गरेको कमैया सर्वेक्षणमा महत्वपुर्ण सहयोग तथा योगदान गर्नु भएको र सशस्त्र द्वन्द्वका समयमा सर्वसाधारणको जीवन रक्षाका लागि क्रियाशील भएर मानव अधिकार संरक्षण र संवर्द्धनमा खेलेको भुमिकालाई विश्लेषण गरी इन्सेकले प्रकाश मानव अधिकार पुरस्कारबाट पुरस्कृत गर्ने निर्णय गरेको बताउनु भयो । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले लामो समयदेखि नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र सामाजिक न्यायका पक्षमा आफ्ना गतिविधिहरू केन्द्रित गर्दै मानव अधिकारको संरक्षण र संवर्द्धनमा सहयोग गर्दै आएको बताउनु भयो ।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सहकार्यमा जोड

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग र नागरिक संस्थाबीचमा सहकार्य हुनुपर्नेमा अधिकारकर्मीहरूले जोड दिएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले साउन २२ गते आयोजना गरेको मनव अधिकारको वर्तवान अवस्था: संरक्षण र संवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले सो धारणा राखेका हुन् । कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले नागरिक संस्थाहरूसँगको सहकार्यबाट मानव अधिकारको संरक्षण, संवर्धन र प्रवर्धन गर्न आयोग प्रतिबद्ध रहेको बताउनु भयो । उहाँले समय सान्दर्भिक सवालमा आयोगले कोभिड १९ को महामारीका समयमा पनि सरोकारवालाहरूसँग छलफल गरी विज्ञप्ति जारी गर्ने, सरकार र सम्बन्धित निकायलाई ध्यानाकर्षण गर्ने र सिफारिस गर्ने काम गरिरहेको जानकारी दिनुभयो ।

सङ्घीय संसदको कानुन न्याय तथा मानव अधिकार समितिका सदस्य लालबहादुर थापाले राष्ट्रिय मानव अधिकार आयोगलाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार अधिकार सम्पन्न बनाउन कानुनी र व्यवहारिक रूपमा पहल गर्ने प्रतिबद्धता जनाउनु भयो । उहाँले नेपालमा राजनीतिक रूपमा सङ्घीय लोकतान्त्रिक व्यवस्था आए पनि शासन पद्धतिको व्यवहारिक सञ्चालन सन्तुलित नभएको उल्लेख गर्दै संविधानअनुसार एउटा सरकारले गठन गरेको भूमिसम्बन्धी आयोग अर्को सरकारले खारेज गर्नुले मुलुकमा कस्तो शासन व्यवस्था लागू हुँदैछ भन्ने प्रश्न चिह्न खडा भएको बताउनु भयो । यसैगरी सङ्घीय संसदका महिला तथा सामाजिक समितिका सदस्य ध्रुबबहादुर शाहीले नेपालमा राजनीतिक रूपमा सङ्घीय लोकतान्त्रिक व्यवस्था आए पनि शासकीय लोकतान्त्रिक व्यवस्था मैत्रीपूर्ण नभएका

कारण कानुन कार्यान्वयमा चुनौती रहेको बताउनु भयो । उहाँले संसदको विषयगत समिति र सरकारबीच छलफल भएमा कानुन बनाउन सरकारले समयमै पहल गर्ने उदाहरणका रूपमा एसिड सम्बन्धीको कानुनलाई लिन सक्ने बताउनु भयो ।

सांसद शाहीले संविधानमा उल्लेख गरिएको मौलिक अधिकार प्राप्तिका लागि कानुन बनाउन सरकारले समयमै ध्यान नदिँदा नागरिकमा निरासा बढ्दै गएको स्वीकारोक्ति दिनु भयो । कार्यक्रममा इन्सेकका अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले मानव अधिकारको रक्षा र विकासका लागि सचेतना र सङ्गठित आवाज आवश्यक पर्ने उल्लेख गर्दै विधिको शासनका लागि राज्यको ध्यानाकर्षण गराउनु भयो । उहाँले मानव अधिकार रक्षकहरूको अभिभावकीय भूमिका राष्ट्रिय मानव अधिकार आयोगले खेल्नु पर्ने उल्लेख गर्दै आयोगको क्षेत्राधिकारलाई बलियो बनाउने कानुनी र व्यवहारिक वातावरणका लागि नागरिक संस्थाहरूको सहकार्यमा जोड दिनुभयो । अध्यक्ष डाक्टर श्रेष्ठले कोभिड १९ का बिरामीको उपचारका लागि निजी अस्पतालहरूले लिइरहेको शुल्क न्यायोचित भए नभएको बारेमा अध्ययन र अनुगमन गरी वास्तविकता पत्ता लगाउन मानव अधिकार आयोगलाई ध्यानाकर्षण गराउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका कार्यबाहक सचिव मुरारीप्रसाद खरेलले कोभिड १९ को महामारीमा अग्रपङ्क्तिमा काम गर्दै आएका अधिकारकर्मीहरूलाई खोप लगाउन सरकारले प्राथमिकता दिन नसकेको सवालमा सरकारको ध्यानाकर्षण गरेको बताउनु भयो । उहाँले वर्तमान शासन व्यवस्था ल्याउन एकजुट भएर आन्दोलन गरेका नागरिक सङ्गठन र राजनीतिक दलहरूबीच असमञ्जस्यता बढ्न नहुनेमा जोड दिनुभयो । खरेलले मानव अधिकार आयोगले गरेका सिफारिस मध्ये ३७ प्रतिशत मात्र कार्यान्वयन हुनुले जनतामा निरासा बढेको उल्लेख गर्दै अधिकारकर्मीहरूले शङ्का गरे जस्तै समयमै न्याय नपाउँदा शासन व्यवस्था प्रति विरोध जनाउने र अराजकता बढ्न सक्नेमा सरकारले ध्यान दिनु पर्ने बताउनु भयो । कार्यक्रमको खुल्लासत्रमा बोल्ने क्रममा सिवीनका अध्यक्ष माधव प्रधानले सरकारले मानव अधिकार आयोगदेखि नागरिक संस्थाहरूको अधिकार खुम्च्याउने गरी सरकारले कानुनी व्यवस्था गर्न लागेकोमा दुखेसो व्यक्त गर्नुभयो ।

यसैगरी दलित गैर सरकारी संस्था महासङ्घका अध्यक्ष भक्त विश्वकर्माले उत्पीडितहरूको न्यायमा पहुँच विस्तार गर्न सरोकारवालाहरू एकजुट हुनु पर्नेमा जोड दिनुभयो । मानव अधिकार एलाइन्सका महासचिव विदुर सुवेदीले इन्सेकले सन् १९९२ देखि मानव अधिकारका सवालमा तीन/तीन महिनामा समीक्षा गर्दै आएको उल्लेख गर्दै नेपालको मानव अधिकारको रक्षा र विकासका सवालमा इन्सेकको अतुलनीय भूमिका रहेको बताउनु भयो ।

उहाँले सुशासनका सवालमा पनि अधिकार जोडिएको उल्लेख गर्दै मानव अधिकारको संयन्त्रलाई राज्यको शासन व्यवस्था अनुसार विकास गर्नु पर्ने खाँचो औँल्याउनु भयो । दलित महिला सङ्घकी केन्द्रीय अध्यक्ष कला स्वर्णकारले विपन्न वर्गका नागरिकले कोभिड महामारीको समयमा काम पनि नपाउने र खान पनि नपाउने अवस्था सिर्जना भएको उल्लेख गर्दै विपद र महामारीको समयमा विपन्न वर्ग र महिलाको अधिकार रक्षाका लागि विशेष व्यवस्था हुनु पर्नेमा जोड दिनु भयो । मानव अधिकार सङ्गठनका प्रतिनिधि कृष्णहरि अर्यालले नागरिक संस्थाहरूको अधिकारका सवालमा सरकार गम्भीर नभएको बताउनु भयो । सामुदायिक विद्यालय व्यवस्थापन समित महासङ्घका अध्यक्ष कृष्ण थापाले कोभिड-१९ महामारीका कारण ७० लाख बालबालिकाको पढ्न पाउने अधिकार कुण्ठित भएको उल्लेख गर्दै उनीहरूको पठन पाठन सहज र नियमित गर्ने वातावरण सिर्जना गर्न मानव अधिकार आयोगको ध्यानाकर्षण गराउनु भयो । मानव अधिकारकर्मी सोम निरौलाले आयोगले गरेका सिफारिस कार्यान्वयनको लागि ऐन नै बनाएर जान सके मात्र पीडितले न्याय पाउने बताउनु भयो । कार्यक्रममा सहभागीहरूलाई स्थागत तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले नेपालमा निर्वाचनका समयमा राजनीतिक दलहरूले मानव अधिकारको संरक्षण र संवर्धनका लागि प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यस्तो नभएको उल्लेख गर्दै मानव अधिकार रक्षकहरू कोभिड महामारीको समयमा बढि पीडित भएको बताउनु भयो । उहाँले द्वन्द्वकालका मुद्दाको समाधानका लागि कानुनी व्यवस्था गर्नु पर्ने खाँचो औँल्याउदै जनताको अधिकारको रक्षाका लागि मानव अधिकार आयोग र नागरिक संस्थाहरू बीचमा सहकार्य हुनु पर्नेमा जोड दिनुभयो । यसैगरी राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय प्रमुख तथा सहसचिव यज्ञ अधिकारीले नागरिक समाजबाट आएका सुझावलाई आयोगको ६ वर्षे रणनितीक योजनामा समेटिने प्रतिवद्धता जनाउनु भयो । उहाँले केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा समेत मानव अधिकार कार्य योजना कार्यान्वयनको अनुगमनका लागि संयन्त्रको व्यवस्था गरिएको समेत बताउनु

परियोजना अभिमुखिकरण कार्यक्रम सम्पन्न

इन्सेकद्वारा सञ्चालित कियोस परियोजनाको अभिमुखिकरण कार्यक्रम साउन २७ गते नेपालगञ्जमा सम्पन्न भयो । कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले गरेका कामबाट उपलब्धि खोज्नु पर्ने बताउनु भयो । उहाँले इन्सेक अभियानसँग जोडिएकाले यसलाई अझ राम्रो बनाउनका लागि सबैले भूमिका खेल्नु पर्ने बताउनु भयो । कार्यकारी निर्देशक गौतमले स्थानीय तहबाट प्रवाह हुने सेवाहरू के कस्ता छन् र त्यसमा आम नागरिकहरूको पहुँच भए नभएको विषयमा ध्यान दिनु पर्ने बताउनु भयो । मानव अधिकार शिक्षा

विभाग प्रमुख मदन पौडेलले इन्सेकद्वारा सञ्चालित परियोजनाहरूको उपलब्धि खोज्न कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । कार्यक्रममा इन्सेकका प्रदेश प्रमुख, कार्यक्रम फोकल पर्सन र जिल्ला सहजकर्ताहरूको सहभागिता रहेको थियो ।

मानव अधिकार प्रलेखसम्बन्धी पुनर्ताजगी कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा मानव अधिकार प्रलेखसम्बन्धी दुई दिने पुनर्ताजगी कार्यक्रम साउन २७ र २८ गते नेपालगञ्जमा सम्पन्न भयो । कार्यक्रमको उद्घाटन सत्रमा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले विगत लामो समयदेखि मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा इन्सेकको भूमिकाको बारेमा चर्चा गर्नुभयो । उहाँले इन्सेकका जिल्ला प्रतिनिधिहरूले स्थलगत रूपमा घटना सङ्कलन गर्ने भएकाले इन्सेकको अभिलेख पारदर्शी रहेको बताउनु भयो । कार्यकारी निर्देशक गौतमले कोभिड-१९ का कारण सबैभन्दा ठूलो समस्या स्वास्थ्य क्षेत्रमा देखिएकाले कोभिड र स्वास्थ्य प्रभावका विषयमा इन्सेकले अभिलेखिकरणको योजना बनाएको बताउनु भयो ।

इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिनाले जिल्ला

प्रतिनिधिहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई प्राथमिकतामा राखेर समाचार सम्प्रेषण गर्न आग्रह गर्नु भयो । इन्सेक सुदुरपश्चिम प्रदेश प्रमुख खडकराज जोशीले नेपाल मानव अधिकार वर्ष पुस्तकको मुख्य स्रोतको रूपमा जिल्ला प्रतिनिधिहरू रहेको बताउनु भयो । कार्यक्रममा इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमिल्सिनाले अनलाइन समाचार र लेखन शैली, इन्सेकका प्रलेख अधिकृतहरू कृष्णबहादुर बिक, विनोद पाण्डे र टिका विष्टले घटनाहरूको अभिलेखीकरण र प्रविष्टिबारे सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका जिल्ला प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

मानव अधिकार सहायता कक्ष स्थापना

इन्सेक प्रदेश १, कार्यालय विराटनगर र राष्ट्रिय मानव अधिकार आयोग प्रादेशिक कार्यालय विराटनगरको आयोजनामा मानव अधिकार सहायता कक्षको स्थापना साउन १ गते विराटनगरमा गरिएको छ । अधिकारकर्मी, नागरिक संस्था तथा सञ्चारकर्मीहरूको उपस्थितिमा सात सदस्यीय समिति रहने गरी मानव अधिकार सहायता कक्ष स्थापना गरिएको हो । जोखिममा परेका मानव अधिकार रक्षक तथा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडितको उद्दार, राहत, पुनस्थापना र आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मानव अधिकार सहायता कक्ष स्थापना गरिएको इन्सेक प्रदेश १ कार्यालयका प्रमुख सोमराज थापाले बताउनु भयो । मानव अधिकार सहायता कक्षको समितिमा राष्ट्रिय मानव अधिकार आयोग प्रादेशिक कार्यालय विराटनगर पर्यवेक्षक रहने गरी सदस्यहरूमा नेपाल पत्रकार महासङ्घ प्रदेश १, उच्च अदालत विराटनगर बार एशोसिएसन, मानव अधिकार रक्षक सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जाल, गैरसरकारी संस्था महासङ्घ प्रदेश १ र राष्ट्रिय अपाङ्ग महासङ्घ प्रदेश १ का प्रमुख तथा प्रतिनिधि रहेका छन् ।

जोखिममा परेका मानव अधिकार रक्षकहरूका लागि मानव अधिकार सहायता कक्ष आवश्यक रहेको राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ की निर्देशक नितु गड्तौलाले बताउनु भयो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ प्रदे श १ अध्यक्ष लीलाबल्लभ घिमिरे , गै सस महासङ्घ मोर ङ उपाध्यक्ष विष्णु शर्मा पन्त, मानव अधिकार सञ्जाल संयो जक डिकप्रसाद घिमिरे लगायतले मानव अधिकार सहायता कक्षको दिगो

मानव अधिकार रक्षकहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न

इन्सेक लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जको आयोजना तथा डिसीए परियोजनाको आर्थिक सहयोगमा मानव अधिकार रक्षकहरूको सुरक्षा तथा क्षमता अभिवृद्धि तालिम साउन ८ गते नेपालगञ्ज सम्पन्न भयो। तालिममा इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका संयोजक खडकराज जोशीले इन्सेकको परिचय र मानव अधिकार रक्षकहरूको संरक्षणमा इन्सेकको भूमिका, असहज परिस्थितिमा माानव अधिकार रक्षकहरूले अपनाउने सुरक्षा र रणनीतिसम्बन्धी सहजिकरण गर्नु भएको थियो । लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जका संयोजक भोला महतले मानव अधिकार रक्षकको परिभाषा, अधिकार र दायित्वका विषयमा सहजीकरण गर्नु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जका प्रमुख झङ्गरबहादुर रावलले मानव अधिकार रक्षकसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधान र राष्ट्रिय मानव अधिकार आयोगको भूमिकासम्बन्धी सहजकरण गर्नु भएको थियो ।

यसैगरी, जिल्ला प्रहरी कार्यालय, बाँकेका डिएसपी मधुसुधन न्यौपानेले मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपाल प्रहरीको भूमिका, उपभोक्ता हित संरक्षण मञ्चका जिल्ला अध्यक्ष बसन्त गौतमले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन र इन्सेक लुम्बिनी

प्रदेश कार्यालय, नेपालगञ्जका प्रलेख अधिकृत विनोद पाण्डेले मानव अधिकार अभिलेखिकरणका विषयमा सहजीकरण गर्नु भएको थियो ।

डुडुवा गाउँपालिका स्तरीय मानव अधिकार रक्षक सञ्जालका सचिव उदयराज जैसवालले तालिममा सिकेको ज्ञान र सीपलाई मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि व्यवहारमा लागु गर्ने बताउनु भयो ।

बैजनाथ गाउँपालिका स्तरीय मानव अधिकार रक्षक सञ्जालका सदस्य बबिता सिंहले तालिममा सिकेका विषय बस्तुले स्थानीय स्तरमा काम गर्न सहज हुने बताउनु भयो ।

वडाध्यक्षद्वारा युवा कुटपिट घटनाको इन्सेकद्वारा अनुगमन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालयको नेतृत्वमा जुनिचाँदे गाउँपालिका-२ को वडा कार्यालयमा गत साउन १५ गते भएको घटनाको अनुगमन गरिएको छ । इन्सेकको नेतृत्वमा उच्च बार एशोसिएशन र नेपाल पत्रकार महासंघ सहितको टोलीले साउन २१ गते ३३ वर्षीय वडाध्यक्ष रामबहादुर नेपालीले सोही ठाउँका १८ वर्षीय सर्पे दमाइलाई कार्यालय परिसरमै कुटपिट गरेको घटनाको स्थलगत अनुमनका क्रममा घटनाका प्रत्यक्षदर्शी र स्थानीय समुदायका अगुवासँग पनि छलफल गरिएको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले बताउनु भयो । घटनाका विषयमा स्थलगत अध्ययन बिना सत्य, तथ्य पत्ता नलाग्ने भएको हुँदा घटनास्थलमै पुगेर सरोकारवालासँग भेटेर छलफल गरिएको सुवेदीले बताउनु भयो ।

अनुगमन टोलीले साउन २२ गते गाउँपालिकाका कार्यवाहक अध्यक्ष शिवा आचार्य, जिल्ला प्रहरी कार्यालयका डीएसपी मधुकुमार थापा र प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद देवकोटासँग समेत भेटेर घटनाको बारेमा जानकारी लिएको थियो । वडाअध्यक्ष नेपालीले कुटपिट गरिरहेको भिडियो सामाजिक सञ्जालमा आएको आधारमा प्रहरीले आरोपित वडाध्यक्ष र घटनामा संलग्न सोही ठाउँका २६ वर्षीय ललित विकलाई साउन २१ गते गिरफ्तार गरेर अभद्र व्यवहारको मुद्दा लगाएको डीएसपी थापाले बताउनुभयो । डीएसपी थापाका अनुसार पीडित भनिएका व्यक्ति र उनका अविभावकले वडा अध्यक्षको कुनै गल्ती छैन भनी कहीँ उजुरी दिएका छैनन् ।

इन्सेकद्वारा कोभिड खोप केन्द्रहरूको अनुगमन

इन्सेक कर्णाली प्रदेश कार्यालयको टोलीले साउन १२ गते वीरेन्द्रनगरस्थित कोभिड-१९ खोप केन्द्रहरूको अनुगमन गरेको छ । इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतका संयोजक नारायण सुवेदी सहितको टोलीले वीरेन्द्रनगर नपा- ७ र ८ स्थित खोप केन्द्रको अनुगमनको क्रममा खोप केन्द्रहरू अव्यवस्थित रूपमा सञ्चालन गरिएको, जेष्ठ नागरिक, अपाङ्गतामैत्री नभएको, पहुँचको आधारमा खोप लगाइएको र

लक्षित समुदायले सहज रूपमा खोप पाउन नसकेको पाइएको थियो । दुवै खोप केन्द्रमा स्वास्थ्य मापदण्ड पालना नगरिएको, लक्षित समुदायको परिचय पत्र अनिवार्य नगरिएको र व्यवस्थित रूपमा खोप सञ्चालन गर्नेतर्फ स्वंयम सरोकारवालाहरूले नै चासो नदिएको अनुगमनमा देखिएको थियो ।

पहुँचको आधारमा आफन्तहरूलाई खोप लगाउने गरेकाले आफूहरू जस्ता नागरिक सहज रूपमा खोप लगाउनबाट बञ्चित हुनु परेको वीरेन्द्रनगर नपा-७ का ६५ वर्षीय नगेन्द्र ढकालले गुनासो गर्नुभयो । वीरेन्द्रनगर नपा जनस्वास्थ्य अधिकृत पर्शुराम खड्काले नागरिकहरू आफै सचेत हुनु पर्नेमा नभएको, खोप केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गर्न लागिपरेको र लक्षित समुदाय बाहेकका नागरिकहरूले खोप लगाउनकै लागि सम्बन्धित कार्यालय वा संस्थाको सिफारिस पत्र ल्याउनाले समस्या आएको अधिकृत खड्काले जानकारी दिनु भयो ।

वीरेन्द्रनगर नपाले साउन ११ गतेदेखि ५५ वर्ष माथि उमेरका साथै शिक्षक, यातायात व्यावसायी, पहिलो मात्रा छुटेका, अपाङ्गता र बैदेशिक रोजगारीमा जाने नागरिकहरूलाई भेरोसेल खोप लगाउदै आएको छ । वीरेन्द्रनगर नपा जनस्वास्थ्य शाखा मार्फत वीननपा-१ मा ६ सय, २ मा आडसय, ३ मा नौसय, ४ मा आठसय, ५ मा पाँचसय, ६ मा ११ सय ७ मा आठसय ८ मा नौसय, ९ मा सातसय ५०, १० मा नौसय, ११ मा आठसय, १२ मा आठसय, १३ मा ६ सय, १४ मा तीनसय, १५ मा एकसय ७० र १६ मा दुइसय डोज खोप पठाई सबै वडामा लगाउने कार्य जारी रहेको अधिकृत खडकाले जानकारी दिनु भयो । कुल १२ हजार डोज भेरोसेल खोप नगरपालिकामा प्राप्त भएकोमा नजिकका वडा कार्यालयहरूका खोप केन्द्रहरूमा खोप लगाउने दिन तथा वडा नम्बर १३, १४, १५ र १६ मा खोप लगाउनेको पहिलो दिन खोप पठाइने गरेको वीरेन्द्रनगर नपा स्वास्थ्य शाखाले जनायो ।

मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण विषयक अन्तरक्रिया सम्पन्न

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना तथा डिसीएको सहयोगमा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण विषयक अन्तरक्रिया कार्यक्रम कैलारी गाउँपालिकामा साउन ११ गते सम्पन्न भयो ।

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रलेख अधिकृत कृष्णबहादुर विश्वकर्माले नेपाल सरकारले ०७७ मा जारी गरेको मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणसम्बन्धी आदेशका सम्बन्धमा जानकारी गराउन र यसको प्रभावकारी कार्यान्वयका लागि सम्बन्धीत पक्षको ध्यानकर्षण गर्न अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको बताउँदै यसको प्रभाकारी कार्यान्वयन गरिनु पर्ने बताउनु भयो ।

इलाका प्रहरी कार्यालय, कैलारीका असई मोहन बोहराले मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धि जारी आदेशलाई कार्यान्वयन गर्न आफूहरू प्रतिवद्ध रहेको र मानव अधिकारका मुल्य मान्यताहरूलाई आत्मसाथ गरेर प्रहरीले नागरिकहरूसँग समन्वय गरी सुरक्षा प्रदान गर्दै आएको बताउनु भयो ।

कैलाली गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष विष्णु चौधरीले मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकारकर्मीहरूको थप सुरक्षा गर्न नेपाल सरकारले जारी गरेको आदेश सकारात्म रहेको बताउँदै बहुविवाहका घटनाहरू ग्रामीण क्षेत्रमा हुँदै आएकोले यसको रोकथाम र नियन्त्रणका लागि सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने बताउनु भयो ।

कैलारी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष भिखराम चौधरीले स्थानीय तहमा निर्माण गरिएका मानव अधिकार रक्षकहरूसँग समन्वय र सहकार्य गरेर मानव अधिकारको प्रवर्धन गर्ने कार्य गर्न आफू तयार रहेको प्रतिवद्धता जाहेर गर्नु भयो ।

मानव अधिकार रक्षक सञ्जालका सदस्य गीता चौधरीले कहिले पनि गाउँघरमा, बालबिवाह, बुहुविवाह तथा महिला हिंसाका घनटाहरू हुँदै आएको भए पनि पीडित पक्षलाई कानुनी ज्ञान र सहयोगको अभावमा घटना सार्वजनिक हुन नसकेको बताउँदै यस प्रकारका पीडितहरूको पक्षमा सम्बन्धित सरोकारवालाहरूको ध्यान जान आवश्यक

इन्सेकले १९९२ देखि नै बर्सेनी नेपाल मानवअधिकार वर्षपुस्तक मार्फत मुलुकमा भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रकाशन गर्दै आएको छ । दश वर्ष लामो सशस्त्र द्वन्द्व र त्यसपछिका दिनमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विषयहरू आजपर्यन्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकार समुदायको सरोकार र चासोको विषय बनिरहेका छन् । त्यसबेला युद्धरत दुवै पक्षको दबाब वा त्रासका कारण वा चेतनाको कमी भएकाले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका कैयन् घटनाहरू तत्कालै प्रकाशमा आउन सकेनन् । तिनको विषयमा जानकारी गराउन भयदोहित पीडितपक्षहरू सक्षम भएनन् । अद्यापि यो अवस्थामा खासै परिवर्तन हुन सकेको छैन । सशस्त्र द्वन्द्वकालमा द्वन्द्वसँग सरोकार नै नभएका मानिसहरू पीडित भएका र द्वन्द्वको बाछिटाकारूपमा रहेका केही घटनाहरूको इन्सेकले विस्तृत अध्ययन गरेको थियो । तिनै अध्ययन तथा स्थलगत अनुपरीक्षणबाट प्राप्त तथ्यहरूका आधारमा केही घटनाको विवरण यस बुलेटिनमा क्रमशः प्रकाशन गरिनेछ । यस्ता विवरणहरू यतिबेला प्रकासन गर्नुको एउटामात्रै कारण विगतमा कस्ता अपराध भएका थिए भनेर जानकारी गराउनु हो । विगतलाई बिर्सने हो भने वर्तमान र भविष्य राम्रो हुनसक्दैन । विगतका गल्तीबाट पाठसिक्दै त्यस्ता गल्ती भविष्यमा नदोहोरिउन भनी सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

बर्दियाका थारु युवामाथि भएको ज्यादती

बर्दिया जिल्ला धधवार गाविस-८ बेलभारका २२ वर्षीय सुरेश चौधरी, २७ वर्षीय कर्णबहादुर थारू र १९ वर्षीय कन्हैया थारूलाई २०५८ साल चैत १ गते बिहीबार दिउँसो १२-१ बजेतिर बाँकेको पूर्वी चिसापानी ब्यारेकको कमान्डमा रहेको संयुक्त सुरक्षाफौजको टोलीले घर घेरा हालेर नियन्त्रणमा लिएपश्चात् गोली प्रहार गरी हत्या गऱ्यो ।

त्यस दिन संयुक्त सुरक्षाफौजको टोली पूर्वतिरबाट अन्धाधुन्ध गोली चलाउँदै 'यु' आकारमा घेरा हाली धधवार गाविस-८ स्थित बेलभारक गाउँ प्रवेश गरेको थियो । हतियारधारी सुरक्षाकर्मी आफ्नो अघिल्तिर पर्ने जोकोहीलाई 'माओवादी होस्' भन्दै कुनै कुरै नगरी कुटपिट गर्दै हिँडिरहेका थिए । त्यसै क्रममा सेनाले घाँस काट्न गइरहेका सुरेश चौधरीलाई रोकेर सोधपुछ गरेको थियो । सुरेशको गोजीमा एक टुक्रा सेतो कागज सेनाले फेला पारेको थियो । उक्त कागजको आधारमा उनलाई समातेर लगेको थियो । समातेको केही छिनमा उनलाई काठको मोटो भाटोले कुटपिट गर्दै गाउँनजिकैको सिंह निमावितर्फ लगेको थियो । त्यस क्रममा सैनिक जवानहरूले सुरेशलाई चरम यातना दिए । यातनाका कारण गुञ्जिएको उनको चित्कार आसपासका मानिसले समेत सुनिरहेका थिए । यसरी यातना दिएर उनलाई सिकिस्त पारेपछि सेनाले पूर्वतर्फ अनुहार फर्काउन लगाएर पछिल्तिरबाट गोली प्रहार गरी हत्या गरेको थियो ।

सुरेशकै गाउँले २७ वर्षीय कर्णबहादुर थारू निम्नवर्गीय किसान थिए । उनी डकर्मीको काम पनि गर्थे । त्यस दिन उनी गाउँमै सामूहिक काम गर्ने चलनअनुसार आफ्नो बगाल (समूह) का व्यक्तिहरूसँग समूहभित्रको घर (बेलरान घर) को भित्ता बनाइरहेका थिए । सेनाको कुटपिटबाट आतङ्कित गाउँले भागाभाग गरिरहेका थिए । कर्णबहादुर पनि अरुको सिको गर्दै ज्यान जोगाउन भागेका थिए ।

कर्णबहादुरलगायतका व्यक्तिहरू गाउँको दक्षिण-पश्चिमतर्फ भागिरहेका बेला उनीसहित जीतबहादुर चौधरी र वसन्त चौधरीलाई सेनाले नियन्त्रणमा लिएर खेतको बीचमा राख्यो । उनीहरूलाई दुवै हात उठाउन लगायो । सेनाले स्वचालित हतियारले कर्णबहादुर थारूलाई गोली प्रहार गऱ्यो । उनको घटनास्थलमै मृत्यु भयो । सेनाले कर्णबहादुरको हत्या गरिसकेपछि सँगै हात उठाएका जीतबहादुर र वसन्तलाई क्रूर एवम् अमानवीय तरिकाले बुटले कुल्चिने र हानेर यातना दिएको थियो । यातना दिइसकेपछि कर्णबहादुरको लास उनीहरूलाई नै बोकाएर स्थानीय सिंह प्राथमिक विद्यालयको खेल मैदानमा पुऱ्याएको थियो । आफ्नै गाउँका ३ जनाको अमानवीयतवरले हत्या गरिएको घटनाको साक्षी बन्न पुगे जीतबहादुर र वसन्त ।

सेनाको आतङ्क यतिमै सीमित रहेन । विद्यालयको परीक्षाको तयारीका लागि बिदामा घर बसेर पढिरहेका अपाङ्गता भएका १६ वर्षीय कन्हैया चौधरीको पनि सेनाले हत्या गऱ्यो । उनी जनसेवा माविं वैदीमा कक्षा ९ मा अध्ययनरत थिए । सेनाको कुटपिटबाट आतङ्कित गाउँका मानिस भाग्न थालेको देखेपछि कन्हैयालाल पनि पढिरहेको किताब त्यसै छोडेर भागेका थिए । त्यसैबेला सेनाले उनको खुट्टामा २ गोली हानेको थियो । यसरी तीनै जनाको लास गाउँलेलाई बोक्न लगाएर सिंह निमाविको खेल मैदानमा पुऱ्याइ गाडीमा राख्न लगाएर सुरक्षाफौजले आफैँसँग लगेको थियो । लास पाउन नसकेकाले पीडित परिवारले आफ्नो रीतअनुसार अन्तिम संस्कारसमेत गर्न पाएनन् । यी हत्याविरुद्ध कतै उजुर परेन । घटनामा पूर्वी चिसापानी (बाँके जिल्ला) ब्यारेकको कमान्डमा रहेको संयुक्त सुरक्षाफौजको टोली संलग्न भएको स्थानीय बासिन्दाले इन्सेकलाई बताए । तीनै मृतकका परिवारले सरकारबाट राहतस्वरूप ३/३ लाख रुपियाँ बुझेका छन् । मारिएकाको गल्ती अहिलेसम्म बुझ्न नसकेको मृतकका परिवारको गुनासो छ ।

क्रमशः

प्रेस विज्ञप्ति

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

२०७८ साउन १५ गते

"२७ औं प्रकाश मानव अधिकार पुरस्कार" सामाजिक अभियन्ता फिरुलाल चौधरीलाई

इन्सेक कार्यसमितिको २०७८ साउन ४ गतेको बैठकले शोषण, विपन्नता, विभेद मुक्त समाज निर्माणको अभियानमा तीन दशकदेखि क्रियाशील जानकी गाउँपालिका कैलालीका फिरूलाल चौधरीलाई "२७ औं प्रकाश मानव अधिकार पुरस्कार"बाट सम्मानित गर्ने निर्णय गरेको छ । इन्सेकका महासचिव रुद्रबहादुर चर्मकारको संयोजकत्वमा गठन भएको तीन सदस्यीय पुरस्कार छनोट समितिले श्री चौधरीलाई पुरस्कृत गर्न कार्यसमितिलाई सिफारिस गरेको थियो ।

इन्सेकका संस्थापक महासचिव स्व. प्रकाश काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा थाई एयर दुर्घटनामा निधन भएको थियो । नेपालको मानव अधिकार र सामाजिक न्यायको अभियानमा उहाँले पुऱ्याउनु भएको योगदानको स्मरणलाई चिरस्थायी बनाउने उद्देश्यले इन्सेकले "प्रकाश मानव अधिकार पुरस्कार"को स्थापना गरेको हो । नेपालको मानव अधिकार, राजनीति, शिक्षा, स्वास्थ्य तथा सामाजिकलगायतका क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तित्वलाई "प्रकाश स्मृति दिवस"को अवसर पारेर पुरस्कृत गर्ने गरिन्छ । यो पुरस्कारबाट यसअघि २६ जना सम्मानित भइसक्नु भएको छ ।

धनगढीमा २०७८ साउन १६ गते सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय त्रिलोचन भट्टको प्रमख आतिथ्यमा सम्पन्न हुने समारोहमा श्री चौधरीलाई सम्मान गर्ने कार्यक्रम रहेको छ । पुरस्कृत व्यक्तित्वलाई सम्मानपत्रसहित ५० हजार नगद प्रदान गर्ने गरिएको छ ।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org